## परिशिष्ट A

# बिरामीहरूलाई लगाइएको शुल्कहरूको गणनाको आधार

Cleveland Clinic ले आकस्मिक वा चिकित्सकीय रूपमा आवश्यक अन्य स्याहार समाविष्ट गर्ने बीमा भएका व्यक्तिहरूलाई “सामान्यतया बिल लगाइने रकमहरू” (Amounts Generally Billed, AGB) निर्धारण गर्नको लागि “लुक-ब्याक” विधि उपयोग गर्छ । हाम्रा सबै सेवास्थलहरूमा 1/1/2025 सम्ममा लागू हुने AGB प्रतिशत 24.5% रहेको छ जसको परिणामस्वरूप कुल शुल्कहरूमा 75.5% को छूट प्रयोगमा आउँछ ।

अक्टोबर 1, 2023 देखि सेप्टेम्बर 30, 2024 सम्म डिस्चार्ज मिति भएका अन्तरङ्ग तथा बहिरङ्ग दुवै सेवाहरूका लागि दुवै निजी भुक्तानी बीमाकर्ताहरू (Medicare लाभ सहित), Medicare (परम्परागत) र Medicaid द्वारा अनुमति दिइएका सबै दाबीहरू प्रयोग गरी प्रतिशतको गणना गरिएको थियो। अनुमति दिइएका दाबीहरूबाट कुल अनुमानित भुक्तानीलाई त्यस्ता दाबीहरूका लागि बिल लगाइएको कुल शुल्कहरूद्वारा भाग लगाइएको थियो ।

प्रत्येक क्लिभल्याण्ड क्लिनिक अस्पताल सुविधाहरूको लागि यो निजी वेतन र मेडिकेयर दृष्टिकोण प्रयोग गरेर AGB गणना गरिएको थियो। 2025 मा हामीले हाम्रा सबै सेवास्थलहरूमा बिरामीहरूलाई सबैभन्दा बढी लाभ हुने सेवास्थल दर लागू गर्नको लागि छनोट गरेका छौं ।